**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**टंगाल, काठमाडौं**

मिति: २०७४।०४।२० गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला पर्सा साविक गम्हरिया गा.वि.स. हाल बहुरमाई गाउँपालिका वडा नं. ६ का वडा सचिव दिपक खनालले बालविकास कोषको लागि आ.व. ०७३/०७४ को गाउँ परिषदबाट छुट्याईएको रकम निकासाको लागि सेवाग्राहीसँग विभिन्न बहानामा घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवम् उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाबाट खटिई गएको टोलीले निज वडा सचिवलाई रु.३०,०००/- (तिस हजार) घुस रकम लिईसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुंदा निजले भ्रष्टचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टी हुन आएको हुँदा निजलाई बिगो रु.३०,०००/- (तिस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

साथै सोही वडामा कार्यरत सामाजिक परिचालक सतार मियाँले घुस रिसवत लिने खाने कर्मचारी उपर उजुर गर्नुपर्नेमा आफैंले घुस बापतको रकम उपलब्ध गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसूर गरेको पुष्टी हुन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ख) ले हुने सजायमा ऐ. ऐनको दफा २२ बमोजिम जरिवाना र कैद सजाय समेत हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता